# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।०८ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

--------------------------------------------------

राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत रहेका अनुसन्धान अधिकृत दोलखबहादुर कार्कीले शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाइ पेश गरी जागिर खाएकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद,उत्तरप्रदेश अन्तर्गत रहेको श्रीमती पि.पि.डी. ईन्टरमिडियट कलेज, मच्छलीगाउँ, गोरखपुर भारतबाट प्राप्त गरेको आई.ए तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नायव निरीक्षक पदमा नियुक्ति लिइ अनुसन्धान अधिकृत पदमा बढुवा समेत भइ लाभ लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता